# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, चैत २७ गते २०४० साल (संख्या ५१

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

कानून किताब (व्यवस्था र वितरण) (दोस्रो संशोधन) आदेश, २०४०

कानून किताब (व्यवस्था र वितरण) आदेश, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "कानून किताब (व्यवस्था र वितरण) (दोस्रो संशोधन) आदेश, २०४०" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. कानून किताब (व्यवस्था र वितरण) आदेश, २०२१ को दफा ४ मा संशोधन :

कानून किताब (व्यवस्था र वितरण) आदेश, २०२१ (यसपछि "मूल आदेश" भनिएको) को दफा ४ को, –

(१) उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :–

"(घ) कानून सम्बन्धी विभिन्न अनुसन्धनात्मक कार्यहरू गर्ने, गराउने ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (२) को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) र (ङ२) थपिएका छन्:–

"(ङ१) आवश्यकतानुसार अन्य समिति तथा उप-समितिहरू गठन गर्ने ।"

"(ङ२) श्री ५ को सरकारको पूर्व स्वीकृति लिई बैङ्क वा अन्य कुनै वित्तीय संस्थासँग ऋण लिने ।"

(३) उपदफा (२) को खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छ :–

"(च१) श्री ५ को सरकारले तोकेको अन्य कार्यहरू गर्ने ।"

३. मूल आदेशको दफा ५ मा संशोधन : मूल आदेशको दफा ५ को,–

(१) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :–

"(घ) श्री ५ को सरकारमार्फत कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकमहरू ।"

(२) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ :–

"(ङ) समितिले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम ।"

४. मूल आदेशमा दफा ८ र ९ थप : मूल आदेशको दफा ७ पछि देहायका दफा ८ र ९ थपिएका छन् :–

"८. श्री ५ को सरकारसँग सम्पर्क : समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा कानून तथा न्याय मन्त्रालयमार्फत राख्नु पर्नेछ ।"

"९. समितिको कार्यालय : समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।"

आज्ञाले,

ध्रुववर सिंह थापा

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।